जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १९७ पृष्ठः ४ | २०८२ मंसिर १० बुधबार (Wednesday 26 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## किसानलाई उन्नत जातको गहुँको बीउ वितरण गर्दै गोलबजार नगरपालिका




सिरहा, ९ मंसिर। यहाँको गोलबजार नगरपालिकाले स्थानीय कृषकहरूको कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले उन्नत जातको गहुँको बीउ वितरण गर्ने भएको छ। नगरपालिकाले कुल लागतको ५० प्रतिशत अनुदानमा किसानलाई गहुँको बीउ बाड्न लागेको हो। नगरपालिकाका कृषि शाखा प्रमुख वीरेन्द्रकुमार यादवका अनुसार इच्छुक किसानले नागरिकता, जग्गाधनी प्रमाणपत्र र आवेदन फारमसहित कृषि शाखामा यही मङ्सिर १६ गतेसम्म सम्पर्क गर्न सक्नेछन्। नगरपालिकाले वितरण गर्न लागेका गहुँका उन्नत जातहरूमा गौतम, विजय र एलएली-९७१ रहेका छन्। प्रतिकिलो रु ८२ पर्ने यी बीउको आधा रकम मात्रै किसानले तिर्ने पुग्नेछ।

नगर प्रमुख श्यामकुमार श्रेष्ठले धान थन्काएर गहुँखेती गर्ने तयारीमा रहेका किसानलाई कृषि उत्पादनमा प्रोत्साहन गर्न र बीउ तथा मल खरिदमा किसानले बेहोर्ने समस्यालाई कम गर्न अनुदानमा बीउ वितरण गर्न लागिएको बताउनुभयो। उहाँले थप्नुभयो, "किसानलाई कृषि पेसामा रहन प्रोत्साहन मिल्नुका साथै उन्नत बीउ लगाउँदा उत्पादन बढ्ने अपेक्षा छ। यसले नगरभित्रको खेतीयोग्य जमिनमा गहुँबाली लगाउन किसानलाई ठूलो सहयोग पुग्नेछ।"

## बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालवालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।
- सावधानी अपनाऔं, सुरक्षित रहौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## जग्गा छ, नाता छ, तर 'नागरिकता' छैन ७८ वर्षीया कपेलेश्वरीसँग



**सुदीप राउत**

सिरहा, ९ मंसिर। आठ वर्षदेखि नागरिकताका लागि अड्डाअदालत धाउँदै आउनुभएकी ७८ वर्षीया कपेलेश्वरी यादव अझै पनि नागरिकता पाउने आशामै दिन काटिरहनुभएको छ। "नागरिकता नपाएरै मर्न लेखिएको जस्तै भएको छ हजुरआमालाई", नाति रामपरीक्षण यादवले हातमा कागजपत्र देखाँउदै थकित स्वरमा भन्नुभयो, "वर्षौंदेखि कागजपत्र बोकेर सरकारी निकायमा धाउँदाधाउँदै धेरै जुत्ता फाटे, तर हजुरआमाको नागरिकता बनेन।" सिरहाको नवराजपुर गाउँपालिका-४ मा बस्दै आएकी कपेलेश्वरीको जन्म औरही गाउँपालिका-३ पिपरामा भएको हो। जीवनभर गाउँमै बस्नुभएकी उहाँ नागरिकता नभएकै कारण अहिले सबै अधिकारबाट वञ्चित हुनुहुन्छ। विसं २०२३ मा उहाँ नवराजपुर-४ का बौवेलाल यादवको कान्छी श्रीमती बन्नुभएको थियो।

बौवेलालको पहिलो श्रीमतीबाट चार छोरी थिए तर कपेलेश्वरीबाट भने सन्तान भएन। माइतीका बुबाआमाको नागरिकता थिएन। यसबाहेक सबैले वंशजका आधारमा नागरिकता पाए पनि उहाँ भने नागरिकताको मूलढोकैमा रोकिनुभयो। पति बौवेलालको २०३१ सालमा मृत्यु भएपछि कपेलेश्वरीले सिरहा जिल्ला अदालत सिरहामा 'हक कायम' मुद्दा दर्ता गर्नुभयो र अदालतले उहाँको नाममा हकदाबी सदर गरिदियो। त्यस्तै माइतबाट दिनुभएको छ कठ्ठा जग्गा उहाँककै नाममा थियो।

**–बाँकी तीन पेजमा**

## उद्योग जोगाउन तीनै तहका सरकार सक्रिय हुनुपर्ने




सिरहा, ९ मंसिर। देशमा साना तथा घरेलु उद्योगलाई जोगाउन आवश्यक नीतिगत सहजीकरण नहुँदा उद्योगहरू कमजोर बन्दै गएको भन्दै उद्योगी, व्यवसायी र सरकारी सरोकारवालाले अब तीनै तहका सरकारले समन्वय गरेर उद्यममैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका छन्।

घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहाले एघारौं उद्योग दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उनीहरूले स्वदेशमै रोजगारी र आयआर्जन बढाउन साना उद्योग संरक्षण महत्वपूर्ण आधार बन्नसक्ने धारणा व्यक्त गरेका हुन्। कार्यक्रममा लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले वैदेशिक रोजगारीबाट भित्रिएको 'रेमिट्यान्स' उपभोगमा नै खर्चिने प्रवृत्ति बढेकाले त्यसलाई उत्पादनशील क्षेत्रमा मोड्न तीनै तहका सरकारको भूमिका निर्णायक हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "इमानदारीका साथ काम गर्नेले चिया पसलबाट पनि भविष्य बनाउन सक्छ, तर रेमिट्यान्स अनुत्पादक क्षेत्रमा खर्चिने प्रवृत्ति रोकिएन भने आर्थिक आधार बलियो हुँदैन। साना उद्योग बाँच्न र युवालाई स्वदेशमै रोजगारी दिन तीनै तहका सरकार एउटै दिशामा सक्रिय हुनुपर्छ।" जिल्ला उद्योग वाणिज्य सङ्घ लहानका अध्यक्ष विकास सारडाले भन्सार नीतिका कारण व्यापारीहरू समस्यामा परेको उल्लेख गर्दै भन्सार छली नियन्त्रण तथा नियमित अनुगमन आवश्यक रहेको बताउनुभयो। यस क्रममा, आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख भीम काफ्लेले सस्तो मूल्यका कारण उपभोक्ता भारतीय बजारतिर आकर्षित हुने तर गुणस्तरप्रति सचेतना कमी

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## आकर्षक रोजगारीको लोभमा अपराधमा फस्ने जोखिम

वैदेशिक रोजगारीको प्राथमिकतामा नपर्ने म्यानमार, लाओस, कम्बोडियाजस्ता मुलुकमा काम खोज्दै पुग्नु नै सामान्य होइन। ले ती मुलुकमा नेपाली कामदार पुऱ्याइनु नै ठगीको दुश्चक्रको थालनी भएको देखिएको छ। त्यसरी ठगिएका कामदारमध्ये अधिकांशको जीवन कहालीलाग्दो हुनपुग्छ। 'बन्धक' बनाएर ठगी वा अवैध धन्दामा समेत लगाइने ती देशमा पुऱ्याइएका नेपालीहरू ठगहरूको गिरोहबाट उम्कन पाउनु ठूलै सौभाग्य मानिने गर्छ। यिनीहरू थाइल्यान्ड र म्यानमारस्थित नेपाली दूतावासको सम्पर्कमा पुगे भने उद्धार गरेर नेपाल फर्किन पाउँछन्।

थाइल्यान्डस्थित नेपाली राजदूतका अनुसार ती मुलुमा लगेर अहिले अवैध आपराधिक काममा लाग्न बाध्य पारिएका नेपालीको संख्या 'डरलाग्दोसँग बढेको' छ। बैंककस्थित नेपाली दूतावासले यस वर्षमात्र त्यस क्षेत्रबाट ६७ जनाको उद्धार गरी नेपाल फर्काइसकेको उनले बताएका छन्। सामान्यतः म्यानमार, लाओस, कम्बोडियाजस्ता मुलुक वैदेशिक रोजगारीको गन्तव्य होइनन्। यसैले बिचौलिया र ठग गिरोहको चङ्गुलमा फसेर नेपालीहरू लुकिछिपी त्यहाँ पुगेका हुन्छन्। यसरी लुकिछिपी पुऱ्याइएकाहरू सामान्य कामभन्दा अवैध आपराधिक धन्दामा लगाइनु अस्वाभाविक पनि होइन।

उनीहरूलाई जति नै आकर्षक रोजगारीको लोभ देखाए पनि गिरोहको चङ्गुलमा फसिसकेपछि अवैध काममा लाग्नु बाध्यतै हुन्छ। यसले ती झुक्याइएका नेपाली कामदारमाथि स्थानीय कानुनअनुसार विभिन्न अपराधमा मुद्दा चल्ने र कैदलगायत सजाय हुने जोखिम पनि उत्तिकै हुन्छ। यसै सट्याकसुटुक जाने र अधिकांशः अवैध काममा लाग्ने हुनाले तिनको वास्तविक संख्या पनि राज्यलाई थाहा हुँदैन। सम्भवतः काम गरिरहेका मुलुकमा पनि त्यसरी अवैध काममा संलग्न नेपाली कामदारको तथ्याङ्क छैन। यसले तिनको उद्धार कार्य पनि नियति र भाग्यकै भरोसामा हुने गरेको देखिन्छ।

नेपाल सरकारले आकर्षक रोजगारका लोभमा ठग गिरोहको फन्दामा पर्न पुगेका नागरिकको उद्धारका लागि केही गरेको छैन भन्नु न्यायोचित हुँदैन। म्यानमार, कम्बोडिया र लाओसमा अलपत्र परेकाहरूकै उद्धार अहिले थाइल्यान्ड र म्यानमारस्थित नेपाली दूतावासको मुख्य काममध्येको एउटा हुनपुगेको छ। यस्तै, ती क्षेत्रमा रोजगारीका लागि आउनुपूर्व ठग गिरोहको चङ्गुलमा परे नपरेको सुनिश्चित गरेरमात्र आउन पनि सरकारले सचेत गराएको देखिन्छ। तर, छिटै धेरै कमाइहाल्ने लोभले अधिकांश युवा विचारै नगरी होमिने गर्छन्। यसैले रोक्न र सचेत बनाउन योजनाबद्धरूपमै लाग्नु जरुरी देखिन्छ।

नेपाली युवालाई ठग्ने गिरोहमा नेपालीहरूसमेतको संलग्नता हुनसक्छ। उद्धारपछि राम्ररी अनुसन्धान गरी ठगीमा संलग्नहरूमाथि कानुनबमोजिम कारबाही गरेर यस प्रकारको ठगी रोक्नुपर्छ। यसैगरी सम्बन्धित मुलुकका सरकारसँग सहयोग लिएर पनि नेपालीको उद्धार र तिनलाई अवैध काममा लाग्न बाध्य बनाउने अपराधीहरूविरुद्ध कानुनी कारबाही गराउनु जरुरी देखिन्छ। रोजगारीको प्रलोभन देखाएर अनलाइन ठगीलगायतको विभिन्न अपराधमा संलग्न हुन बाध्य बनाउनु मानव तस्करीकै एउटा रूप हो। यसैले अन्तर्राष्ट्रिय श्रम संगठनलगायतका सम्बन्धित बहुपक्षीय निकायहरूसँग पनि नेपाल सरकारले सहयोग र समन्वयका लागि अग्रसरता देखाउनु आवश्यक छ। बर्सेनि सयौं जनाको उद्धार गर्नुभन्दा त्यसो अवस्था आउन नदिन पूर्वक्रयाशीलता देखाउनु नै बुद्धिमानी होइन र ?

# मिथिलाः जहाँ भगवान् रामसँग गरिन्छ हास–परिहास

**विजेता चौधरी कर्ण**

चलु सखी हिलमिल जनकके आँगन, दुल्हा बनल श्री राम हे॥

जनकपुरधाममा यतिबेला विवाह पञ्चमीको उत्साह देख्न सकिन्छ। धार्मिक पर्यटकहरूको आगमन र विवाहका अनेक विधिहरू शुरु भएसँगै जानकी मन्दिर परिसर नै विवाहमय हुन्छ। त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीको दिन सीता–रामको विवाह भएको सम्झनास्वरूप मिथिलामा धुमधामका साथ विवाह पञ्चमी मनाउने गरिन्छ। मिथिलाबासीका लागि विवाह पञ्चमी महान चाड जत्तिकै हो। विवाह पञ्चमीको बेला जनकपुरको वातावरणमा समेत विवाहमय उत्साह फैलिएको हुन्छ।

मिथिलाको घर–घरमा विवाह पञ्चमीको उत्सव मनाउने चलन रहेको छ। उत्सवमा महिला र पुरुषहरू व्रत बसी भगवान राम–सीताको पूजा–अर्चना गर्ने परम्परा छ। मिथिलाको आफ्नै मौलिक विवाह परम्परा रहेको छ। यसमा मटकोर र सिन्दुर दान गर्ने पद्दति भने आज पनि यथावत छ। सोही प्राचीन विवाह संस्कार र संस्कृतिअनुसार दुई बालक वा बालिकालाई राम र सीताको प्रतीकस्वरूप बनाएर सम्पूर्ण विधिअनुसार विवाहको संस्कार पूर्ण गरिन्छ। यसमा मटकोर, तिलकोत्सव, स्वयंवर, विवाह र रामकलेवापछि विवाह पञ्चमी विधिवत्रूपमा सम्पन्न हुन्छ। यद्यपि, यो एउटा झाँकीको रूपमा मात्र प्रस्तुत गरिन्छ।

यी सबै विधि सम्पन्न भइरहँदा मिथिलाकी नारीहरू मुक्तकण्ठले भगवान रामसँग परिहास गर्छिन्। अर्थात् गीत गाएर भगवान रामचन्द्रलाई गिज्याउने गर्छन्। संस्कृतिविद्–साहित्यकार रेवतीरमण लालका अनुसार मिथिलामा सालीहरूले भेनाज्यूसँग, देवारले भाउजू र भाउजूले देवरसँग रमाइलो परिहास गर्ने परम्परा रहेको छ। किम्बदन्तीअनुसार राम सीता विवाहकै वेला पनि मिथिलाकी नारीहरूले रामचन्द्र र उनका भाइ–जन्तीहरूलाई विभिन्न राग सुनाउँदै परिहास गरेर रमाइलो गरेका थिए। यस्तै एउटा गीतमा भनिएको छः

'सखी हे ! रसे–रसे दुलहा चलै छथि कोना
जेना कोल्हुआ के बरद घुमैअछि तेना ॥'

गीतको माध्यमबाट मिथिलानीहरूले परिहास गर्दै भन्छिन्, सखी ! विवाहको बेदीलाई दुल्हाले विस्तारै यसरी घुम्दैछन्, मानौं उनी कोल्हुका गोरु हुन्। मिथिलामा जहाँ सीताजीलाई बहिनी अथवा चेलीको रूपमा हेर्ने गरिन्छ, त्यही भगवान रामलाई ज्वाइँको रूपमा पूजा गर्नुका साथै मखौल अर्थात् हास–परिहास गर्ने चलन रहेको छ। मिथिला सीताजीको माइती भएको नाताले भगवान रामको ससुराली हुने नै भयो। त्यही भएर भगवान रामलाई गालीस्वरूप परिहास गर्ने अधिकार मिथिलाकी महिलाहरूले मात्र पाएको सन्तहरूको भनाइ छ।

यस्तै अर्को एउटा गीतमा रामलाई सम्बोधन गर्दै महिलाहरू गाउनुहुन्छ,

हे धनुरधारी ! कसैले गाली दिनुभन्दा पहिले तपाईं आफैँ बताइदिनुस्
एक भाइ गोरो र अर्को भाइ कालो कसरी हुनुभयो ?
कसरी फुलेको दाह्रीबाला वृद्ध तपाईंका पिताले तीन–तीन वटी श्रीमती राख्न सक्नुभएको ?
तपाईं आफैं बताइदिनुस् न॥

### यसरी मनाइन्छ विवाहका विधि

गोस्वामी तुलसी दासले रामायणमा वर्णन गर्नुभएअनुसार मिथिलाकी राजकुमारी सीताको विवाह अयोध्याका राजकुमार रामसँग भएको दिनको सम्झना गर्दै प्रत्येक वर्ष विवाह पञ्चमी मनाउने परम्परा रहेको छ। त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीको दिन रामसीताको विवाह भएको सम्झनास्वरूप जनकपुरको प्रख्यात जानकी मन्दिरमा पनि सप्ताहव्यापी रूपमा विवाह पञ्चमी महोत्सवको आयोजना हुने गरेको छ।

सप्ताहव्यापी रूपमा मनाइने विवाह पञ्चमीको पहिलो दिन नगर दर्शन गर्ने चलन छ भने दोस्रो दिन जानकी मन्दिरको छेउमा रहेको विवाह मण्डपमा फूलबारी लीला मनाउने गरिन्छ। रामायणमा वर्णन भएअनुसार राम–सीताको प्रथम भेट फूलबारीमा भएको थियो। गिरिजा पूजनको लागि फूल टिप्न जानुभएकी सीताजी र रामजीको प्रथम भेट फूलबारीमा भएको थियो र त्यसपछि सीताजीले रामलाई नै वरको रूपमा पाउने कमना गर्नुभएको वर्णन पाइन्छ। त्यसैको स्मरणस्वरूप विवाह पञ्चमीमा फूलबारी लीला रचाउने गरिएको छ।

विवाह पञ्चमीको तेस्रो दिनमा भने धनुष यज्ञको आयोजना हुने गर्छ। यसमा रामस्वरूप रहेका बालकले धनुष भाँचेर धनुष यज्ञ पूरा गर्छन्। संस्कृतिविद् रेवतीरमण लाल सुनाउनुहुन्छ, "त्रेता युगमा पर्शुरामले शिव धनुष राजा जनकलाई प्रदान गरेको वर्णन रामायणमा पाइन्छ। कसैले हल्लाउन मात्र पनि नसक्ने उक्त धनुष जनक पुत्री सीताले सजिलै हटाएर त्यो स्थान लिप्ने र सफा गर्ने गरेको देखेपछि राजा जनक आश्चर्यमा पर्नुभएको थियो। अठोट लिनुभएको थियो यतिधेरै बहादुर छोरीको विवाह उनैसँग गर्छु, जसले शिव धनुष उचाल्न सक्छ। सीता स्वयंवरमा धनुष यज्ञको आयोजना भएको वर्णन रामायणमा पाइन्छ। धनुष यज्ञमा कसैले उचाल्न नसकेको शिव धनु रामले सजिलै उचालेपछि राम–जानकीको विवाह भएको थियो।"

मैथिली अभियानी पुनम झाका अनुसार जनकपुरमा धनुष यज्ञका लागि ठूलो मञ्च, धनुष र सभाको समेत आयोजना हुने गर्छ। जानकी मन्दिरका महन्त रामतपेश्वर दास र उनका उत्तराधिकारी महन्तका रूपमा रहेका रामरोशन दासले रामायणकालीन विवाह महोत्सवको झल्को दिने गरी सम्पूर्ण विधान पुऱ्याएर विवाह पञ्चमी मनाउँदै आउनु भएको छ। त्यस्तै चौथो दिन तिलकोत्सव र पाँचौं दिन मटकोर, छैटौं दिन विवाह समारोह र अन्तिम तथा सातौं दिनमा रामकलेवाको आयोजना गरी विधिवत् रूपमा विवाह पञ्चमीको समापन हुन्छ।

मैथिली अभियानी झाका अनुसार यी सम्पूर्ण विधिहरूमा जनकपुरकी स्थानीय महिला र गायक कलाकारहरूलाई बोलाएर विभिन्न संस्कारका गीत गाउने अभियान चलाइन्छ, जो यस उत्सवकै प्रमुख आकर्षणमध्ये एक हो। उहाँ भन्नुहुन्छ, "जन्ती आउने भारतीय सीमा क्षेत्रका साधुसन्त र पर्यटकहरूलाई लक्षित गरी महिलाहरूले परिहासपूर्ण गीत सुनाउने गर्छन्। मिथिलामा कुनै पनि संस्कार वा विधि गीत नगाई सम्पन्न गरिन्न। विवाह, ब्रतबन्ध, पूजा आदि प्रत्येक संस्कारको लागि विशेष गीत गाइन्छ।"

'हे पहुना ! एहि मिथिले रहु ना,
रोज सबेरे उबटन मलिक', इत्रसे नहबायब हे,
एक महिनाके भितर करियासँ गोर बनायब हे॥'

उक्त गीतमा मिथिलाकी चेलीहरूले भगवान रामलाई 'भेना'को सम्बोधन गर्दै मिथिलामा बस्न आग्रह गर्दै भन्छन्, मिथिलामा बस्नुभयो भने बिहानै (उबटन) एक प्रकारको लेप शरिरमा दलेर इत्रले स्नान गराइदिन्छौँ र एक महिनाभित्र तपाईंलाई कालोबाट गोरो बनाइदिन्छौँ।

जनकपुरस्थित राम मन्दिरबाट बाजागाजा र विशेष झाँकीसहित भगवान रामको प्रतिमालाई डोलामा राखी रङ्गभूमि मैदान (बाह्रविघा) पुऱ्याइन्छ भने जानकी मन्दिरबाट सीताजीलाई विशेष डोलामा राखी मङ्गल गानसहित रङ्गभूमि मैदान लगिन्छ र त्यहाँ भव्य समारोहका बीच स्वयंवर विधि र परीक्षण विधि सम्पन्न गरी दुबै डोला अर्थात राम र सीताजीलाई जानकी मन्दिर ल्याइन्छ।

रङ्गभूमि मैदानमा विवाह विधिको बेला भारतबाट आएका भक्तजन र श्रद्धालुसहितको जन्ती र स्थानीय मिथिलाबासीहरूको बाक्लो उपस्थिति रहने गर्छ। हास–परिहास र मैथिली संस्कार गीतले वास्तविक विवाहको झल्को दिन्छ। यस समयमा आन्तरिक पर्यटकका साथै देश र छिमेकी देश भारतबाट समेत ठूलो संख्यामा धार्मिक पर्यटकको आगमन हुने गरेको जनकपुर–१० देवीचोक निवासी किशोर साह बताउनुहुन्छ। उहाँका अनुसार विवाह पञ्चमीमा मात्रै होटेल–धर्मशाला, मिठाई पसलदेखि पूजा सामग्री बेच्ने र कपडा पसलेको व्यापारमा उल्लेख्य वृद्धि हुन्छ। त्यस्तै ठूलो संख्यामा साधु–सन्तहरूको घुइँचो हुने गर्दछ। मैथिली संस्कृतिको अभिन्न अङ्ग बन्न पुगेको विवाह पञ्चमीको रौनकता, जनकपुरमा मात्रै नभएर मैथिल जनसमुदायको बसोवास रहेको प्रायः स्थानमा देख्न सकिन्छ।

विवाह पञ्चमी उत्सव भरी नै मन्दिर परिसरमा श्रद्धालु तथा भक्तजनले भजनकीर्तन, प्रवचन र झाँकी प्रस्तुत गर्ने चलन पुरानै रहेको छ। यसबीच रामलीलाको समेत प्रदर्शन हुनेगर्छ। मैथिली अभियानी पुनम झाका अनुसार दुई दशक अघिसम्म जनकपुरको जानकी मन्दिरलगायतको सम्पूर्ण रामजानकी मन्दिरहरूमा हुने विवाह पञ्चमीलाई एउटा मेलाको रूपमामात्रै हेर्ने आम दृष्टिकोण थियो भने यतिवेला विवाह पञ्चमी एउटा भव्य उत्सव र महोत्सवको रूपमा विस्तारित भइसकेको छ। प्रत्येक वर्ष विवाह पञ्चमीलाई थप आकर्षक बनाउने कार्य हुँदै अएको छ। गतवर्ष मात्रै विश्व कीर्तिमान रच्ने उद्देश्यले स्थानीय सरकार, उद्योग वाणिज्य संघ र जानकी मन्दिरको सहयोगमा रङ्गभूमि मैदानमा झण्डै ११ हजार एक सय ११ स्क्वायर फिटको राम सीताको अनाजको प्रतिमा बनाइएको थियो। यसका लागि अनुमानित ७५ क्विन्टल अनाजको प्रयोग गरिएको थियो। यद्यपि, उक्त कार्यको भने विरोधसमेत भएको थियो।

### सुनसान तीरहुतिया गाछी

संस्कृतिविद् लालका अनुसार "पहिले जनकपुरको तीरहुतिया गाछीमा रामसीताको डोला ल्याएर स्वयंवर गर्ने चलन थियो। जसमा स्थानीय लगायत भारत सीमाक्षेत्रका मैथिल जनसमुदाय र पर्यटकहरू विवाहपञ्चमी हेर्न आउने गर्थे। यहाँस्थित पवित्र गङ्गासागर र विभिन्न धार्मिक जलाशयहरूमा स्नान गरी पूजाआजा गर्ने, मेलापात भर्नेजस्ता कार्य हुन्थ्यो। तर पछिल्लो एक दशकमा धेरै परिवर्तन आइसककेको छ। उक्त उत्सव पहिले–पहिले एक महिनासम्म पनि चल्थ्यो। साधु–महात्माहरूलाई भोजन र आवासको व्यवस्था, अन्य भक्तजन र पर्यटकका लागि उचित व्यवस्थापन गर्ने गरिन्थ्यो। तर बिस्तारै सो महोत्सव पाँच दिनमा झऱ्यो भने अहिले सात दिनसम्म विभिन्न कार्यक्रम साथ बनाउने गरिन्छ। यतिबेला तीरहुतिया गाछी सुनसान प्रायः हुन्छ।"

पछिल्लो समय प्रविधिको बढ्दो प्रयोगसँगै यसको प्रचारप्रसार बढेकाले पनि विवाह पञ्चमीको लोकप्रियता दिनानुदिन बढ्दो छ। जानकी मन्दिरका महन्त र व्यवस्थापन समितिले प्रत्येक वर्ष विवाह पञ्चमीलाई भव्यताका साथ मनाउनमा कुनै कसर बाँकी राख्दैन। संस्कृतिविद् लालका अनुसार, विवाह पञ्चमीका लागि पहिले जनकपुरस्थित राम मन्दिरबाट रामको डोला र जानकी मन्दिरबाट जानकीको डोला आउँथ्यो अनि विवाह संस्कार सम्पन्न गरिन्थ्यो भने अहिले भारतको अयोध्याबाट समेत त्यहाँका पूजारी, भक्तजनहरू

–बाँकी तीन पेजमा

# रौतहटमा २२ वर्षीया महिलाको हत्या

रौतहट, ९ मंसिर। लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको पहिलो दिन एक २२ वर्षीया महिलाको हत्या भएको छ। रौतहटको बृन्दावन नगरपालिका–९ भुसाहाटोलमा घरपरिवारका सदस्यबाट २२ वर्षीया तरिमा खातुनको हत्या भएको प्रहरीले जनाएको छ।

परिवारकै सदस्यबाट खातुनको हत्या भएपछि ससुरा शेष अलि महम्मदसहित घरका सबै सदस्य फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिनुभयो। मृतक तरिमाको टाउको पछाडि धारिलो हतियार प्रहार गरी गहिरो चोट पुऱ्याएको छ भने उनको दाहिने खुट्टाको पिडौंलामा नीलडाम भेटिएको प्रहरी नायब उपरीक्षक

–बाँकी अन्तिम पेजमा

### *मिथिलाः जहाँ ...*

भगवान रामको डोलासहित आउने गरेका छन्। अहिले प्रत्येक पाँच वर्षमा अयोध्याबाट रामको डोलासहित जन्ती आउने गरे पनि विवाह संस्कार भने आज पनि जनकपुरको राम मन्दिरबाट डोलाचढी आउनुहुने भगवान रामजीको साथ नै हुने गरेको छ। जनकपुरलगायतका मिथिला क्षेत्रमा रहेको प्रत्येक राम–जानकी मन्दिरहरूमा सामर्थ्यअनुसार छुट्टाछुट्टै विवाहोत्सव मनाउने गरिएको छ।

### *जग्गा छ, नाता ...*

तर नागरिकता नभएकै कारण त्यस जग्गा बेचबिखन वा आफूलाई पालनपोषण गर्ने नातिको नाममा नामसारी गर्न नपाउने अवस्थाले उहाँलाई थप दुःख दिएको छ। त्यसैगरी ज्येष्ठ नागरिक भत्तासमेत नागरिकताका कारण रोकिन पुगेपछि उहाँ राज्यका सबै सेवाबाट पर धकेलिनुभएको छ।

विसं २०७४ मा उहाँले जन्म, विवाह, नाता र वडाबाट प्राप्त सकसमा जुटाइएका सबै कागजात तयार पार्नुभयो। आफ्नो नामका जग्गाधनी प्रमाणपत्र प्रतिलिपिसहित वडा कार्यालय पुग्नुभएकी कपलेश्वरीलाई तत्कालीन वडाध्यक्ष मदन यादवले 'चिन्दिन' भन्दै सिफारिस नै दिन इन्कार गर्नुभयो। जिल्ला प्रशासन कार्यालयले पुनः वडा सिफारिसमै जोड दिएकाले उहाँ तीनतीनपटक वडा कार्यालयमा धाउनुभयो, तर सबैपटक निराश भएर फर्किनुपर्‍यो।

विसं २०७९ मा सम्पन्न चुनावबाट यादव नै वडाध्यक्ष पुनःनिर्वाचित हुनुभयो। नागरिकताको कुरा झन् बल्झियो। यतिबेलासम्म कपलेश्वरीको सङ्घर्ष लम्बिँदै गए पनि समाधान भेटिएन। गाउँपालिका अध्यक्षमा निर्वाचित शिव उदगार यादवले पहल गरी सनाखतसहित जिल्ला प्रशासन कार्यालयमा पठाउनुभयो। त्यसपछि प्रशासनले प्रहरी रिपोर्ट बनाउन भन्यो। कपलेश्वरीले त्यो पनि पूरा गर्नुभयो। अन्तिम चरणमा नागरिकताका लागि अनुसूची–१ बमोजिम वडा सिफारिस अनिवार्य चाहियो तर वडाबाट फेरि ढोका बन्द भयो।

निरन्तर अस्वीकृत भएपछि उहाँले २०७९ साल भदौमा उच्च अदालत राजविराज, जनकपुरधाममा पुनरावेदन दर्ता गर्नुभयो। गत वैशाखमा अदालतले उहाँकै पक्षमा फैसला पनि गर्‍यो। 'कानुनबमोजिम प्रक्रिया पूरा गरी नागरिकता दिनु' भन्ने आशयको आदेश दियो। तर त्यो आदेश लिएर वडा कार्यालय पुगे पनि फेरि निराशा नै हात पर्‍यो।

यसबीचमा वडाध्यक्ष यादव भ्रष्टाचार मुद्दामा निलम्बनमा परे तर कार्यवाहक वडाध्यक्ष देवराम यादवले पनि सिफारिस दिन मानेनन्। "मुद्दा प्रक्रियामा भएकाले केही भन्न सक्दिनँ", कार्यवाहक वडाध्यक्ष देवरामले भन्नुभयो, "मङ्सिर ५ गते सर्वोच्च अदालतमा रिट हालेका छौँ, जे फैसला आउला, त्यसैअनुसार चल्छु।" कपलेश्वरीका अर्का नाति जीवेन्द्र यादव राजनीतिक प्रतिशोधका कारणले यस्तो भएको गर्नुहुन्छ। उहाँले भन्नुभयो, "आठ वर्षदेखि नागरिकताको पछि कुद्दैछु। तर पाउन सकिँदैन। सरकारी निकायका जिम्मेवार जनप्रतिनिधिले राजनीतिक प्रतिशोध लिनु विडम्बनापूर्ण छ। हजुरआमाको प्राण जाने बेला पनि राज्यले दुःखै दियो।"

यसैबीच सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले यस प्रकरणबारे प्रशासनले ध्यान दिएर हेर्ने बताउनुभएको छ। "कागजपत्र र प्रमाणका आधारमा हामीले समन्वय गर्न सक्छौँ। उहाँ किन नागरिकताबाट वञ्चित हुनुपर्‍यो भन्ने सम्बन्धमा आवश्यक जानकारी लिइनेछ", उहाँले भन्नुभयो। जन्म छ, विवाह छ, जग्गा छ, नाता छ, तर 'नागरिकता' नामको एकमात्र कागज नहुँदा ७८ वर्षीया कपलेश्वरीको जीवन अनागरिकजस्तै भएको छ। "यदि हजुरआमा यो देशको नागरिक होइनन् भने सिधैँ भन्नुपर्‍यो, नागरिक हुन् भने किन आठ वर्षदेखि यातना दिइएको छ ?", नाति रामपरीक्षणले दुःखेसो पोख्नुभयो।

### *उद्योग जोगाउन...*

रहेको बताउँदै सबै पक्ष मिलेर व्यावसायिक वातावरण बनाउनु आवश्यक रहेको धारणा राख्नुभयो।

जिल्ला समन्वय समितिका सभापति दिनेश महतोले साना उद्योगको सीप विकास, सुरक्षात्मक कार्यक्रम र अनुदान व्यवस्थापनका लागि प्रदेश सरकारसँग बजेट समन्वय भइरहेको बताउनुभयो। "सीप, प्रोत्साहन र संरक्षण विना साना उद्योग टिक्दैन," उहाँले भन्नुभयो।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख किशोरी सरण यादवले बजेट कटौतीका कारण विगतमा सञ्चालन हुने चार प्रकारका तालिम सीमित भई अहिले उद्यमशीलता तालिम मात्र चलिरहेको बताउनुभयो। जेनजी आन्दोलनका क्रममा कार्यालय क्षतिग्रस्त भएकाले केही सेवा सीमित रूपमा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो। कार्यक्रमका उद्योगीहरूले भारतीय बजारबाट आयातित वस्तु सस्तो परेकाले स्थानीय उत्पादन प्रतिस्पर्धामा कमजोर भएको गुनासो गर्दै सरकारी स्तरबाट बजार सुरक्षा, अनुगमन र स्थानीय उत्पादन उपयोग बढाउने अभियान आवश्यक रहेको सुझाव दिएका थिए।

# बन्दैछ निर्वाचनको वातावरण

काठमाडौँ, ९ मंसिर। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको वातावरण बन्दै गएको छ। निर्वाचन आयोगमा दर्ता कायम रहेका नयाँ–पुराना अधिकांश दलले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रयोजनका लागि निवेदन दिएसँगै राजनीतिक क्षेत्रबाट निर्वाचनमा संलग्नता नहुने हो कि भन्ने प्रश्नसमेत अन्त्य भएको छ। प्रतिनिधिसभा पुनःस्थापनाका लागि सडक र कानुनी क्षेत्रबाट आवाज उठाउँदै आएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले पनि आयोगमा निर्वाचनका लागि पार्टी दर्ता गरेसँगै त्यो आशङ्का अन्त्य भएको छ। उक्त पार्टीले ६६ औँ नम्बरमा पार्टी दर्ताका लागि निवेदन दिएपछि थप राजनीतिक वातावरण सृजना भएको छ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले आयोगले अधिकांश दलले निर्वाचनमा भाग लिने विश्वास लिँदै आएको बताउनुभयो। कतिपय दल निर्वाचनको विपक्षमा भन्ने कुरा बाहिर आए पनि अब त्यो आशङ्का मेटिँदै गएको उहाँको भनाइ छ। आयोगका प्रवक्ता भट्टराईले भन्नुभयो, "निर्वाचनका लागि मुख्य पक्षहरू राजनीतिक दल, उम्मेदवार, मतदाता र सरोकार भएकाहरू हुन्। ती सबैबाट निर्वाचनको वातावरणका लागि काम भइरहेको छ। सरकार र आयोगको त मुख्य जिम्मेवारी नै भयो। त्यसकारण अब निर्भयपूर्वक निर्वाचन हुन्छ भन्ने सन्देश दिन आवश्यक छ।"

आयोगको स्वीकृत कार्यक्रमअनुसार निर्वाचन प्रयोजनाका लागि यही मङ्सिर १ गतेदेखि सुरू भएको निवेदन दिने क्रम यही मङ्सिर १० गतेसम्म रहनेछ। नयाँ दल दर्ताको निवेदन दिएका दलले स्वीकृति पाइ दर्ता प्रमाणपत्र लिने क्रम पनि जारी छ। प्रमाणपत्र पाएलगत्तै ती दलले निर्वाचनमा सहभागी हुन धमाधम निवेदन दिइरहेका छन्।

मङ्गलबारसम्म आयोगमा दर्ता कायम रहेका १३२ राजनीतिक दलमध्ये नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले निर्वाचनका लागि दल दर्ता गराइसकेका छन्। ती दलमध्ये हालसम्म ६८ दलले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तयार रहेको निवदेन दिएको आयोगले जनाएको छ। प्रतिनिधिसभा निर्वाचनको पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष)तर्फ उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने कार्यक्रम रहेको छ।

आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मतदताको उमेरको निर्दिष्ट मिति (कट अफ डेट) निर्धारण गरी आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा हुनेलाई मताधिकार हुने निर्णय गरिसकेको छ। उक्त मितिसम्म १८ वर्ष उमेर पूरा हुने मतदाताको विवरण यही मङ्सिर २० गते आयोगको वेभसाइटमा प्रकाशन गर्ने र त्यसमाथि कुनै त्रुटि वा उजुरी भएमा मङ्सिर २१ देखि २७ गतेसम्म आयोगलाई जानकारी दिन सकिने जनाइएको छ। उक्त नाममा विवरण सच्याउने काम सकिएपछि आगामी पुस १५ गते आयोगले मतदताको अन्तिम नामावाली सार्वजनिक गर्नेछ।

यस्तै, निर्वाचनका लागि सरकार र निर्वाचन आयोगको गृहकार्यमा तर्जुमा भएको एकीकृत निर्वाचन सुरक्षा योजनाको कार्यान्वयन हुन थालेको छ। आयोगले माग गरेभन्दा करिब रु दुई अर्ब कम भए पनि नेपाल सरकारबाट रु चार अर्ब ९६ करोड ६६ लाख स्रोत सुनिश्चित गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो। उहाँका अनुसार आयोगलाई बजेटको शीर्षकगत बाँडफाँटको विवरण आउन बाँकी रहेको छ भने प्राप्त स्रोतका आधारमा आयोगले पनि पुनः 'बजेटिङ' गर्नेछ। निर्वाचनका लागि आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापनका लागि खरिद प्रक्रिया र अन्य तयारी भइरहेको आयोगले जनाएको छ।

विगतका निर्वाचनमा बचत भएको रकम सरकारलाई फिर्ता भएको स्थितिमा यस पटक निर्धारित रकममा अपुग भएमा सरकारबाट थप रकम प्राप्त हुनेमा आयोग विश्वस्त रहेको प्रवक्ता भट्टराईले बताउनुभयो। यसैगरी आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनको तयारी पनि सँगसँगै जारी राखेको आयोगले जनाएको छ। आगामी फागुन २० गते राष्ट्रियसभामा रिक्त हुने एक तिहाइ अर्थात् १९ सदस्यमध्ये १८ सदस्यका लागि माघ ११ गते निर्वाचन हुँदैछ। एक सदस्य राष्ट्रपतिबाट मनोनयन हुनेछ।

राष्ट्रियसभा निर्वाचनका लागि आगामी पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यसूची रहेको छ।

# स्थानीय तहमा सार्वजनिक खरिदमा मनपरी, मधेसका स्थानीय तहविरुद्ध धेरै उजुरी

वीरगञ्ज, ९ मंसिर। स्थानीय तहमा हुने बेथितिसम्बन्धी सबैभन्दा धेरै उजुरी मधेस प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका पाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गत आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहसम्बन्धी मुलुकभरबाट १९ हजार ९३३ उजुरी परेकामा त्यसमा सात हजार ७२ अर्थात् ३५ दशमलव ४८ प्रतिशत उजुरी मधेस प्रदेशका मात्रै छन्। उजुरीमध्ये अधिकांश सार्वजनिक खरिदसँग सम्बन्धित छन्।

आयोगमा परेकामध्ये सबैभन्दा कम उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित छन्। उक्त प्रदेशका स्थानीय तहसँग सम्बन्धित एक हजार ४२० अर्थात् सात दशमलव १२ प्रतिशत उजुरी मात्रै छन्। मधेस प्रदेशका स्थानीय तहमध्ये पर्साको वीरगञ्ज महानगरसँग सम्बन्धित १७३ वटा र पर्साकै छिपरमाई गाउँपालिकासँग सम्बन्धित १२६ वटा उजुरी छन्। बाराको सुवर्ण गाउँपालिकासँग सम्बन्धित २३०, पचरौता नगरपालिकासँग सम्बन्धित १९२ वटा परेका छन्।

प्रतिवेदनमा उल्लेख भएअनुसार स्थानीय तहहरूले विधि र प्रक्रिया मिचेर मनपरी खरिद गर्ने प्रवृत्ति देशैभर देखिन्छ। यस्तो प्रवृत्तिलाई सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रतिवेदन, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायले उजागर गर्दै आएका छन्। पूर्वकार्यवाहक महालेखापरीक्षक सुकदेव भट्टराई खत्री स्थानीय तहमा मनपरी ढङ्गले सार्वजनिक खरिद गर्ने प्रवृत्ति रहेको दाबी गर्नुहुन्छ। "स्थानीय तहमा हुने खरिदमा धेरै विकृति देखापरेका छन्, यो प्रवृत्ति झन् झन् मौलाउँदै गएको छ", उहाँले भन्नुहुन्छ, "स्थानीय तहमा खरिद प्रक्रिया बुझेको जनशक्ति नभएर हो वा किन हो, आर्थिक अनुशासनहीनताको अवस्था देखिएको छ।"

महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदनले पनि आव २०८०/८१ मा सार्वजनिक खरिद ऐन, २०६३ विपरीत स्थानीय तहमा खरिद प्रक्रियामा त्रुटि भएको औँल्याएको छ। प्रतिवेदनले आव २०८०/८१ मा मुलुकभरका ५५४ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधि खरिद, परामर्श एवं वस्तु तथा सेवा खरिद गरी रु सात अर्ब २१ करोड ४४ लाख ४८ हजार खर्च लेखेको देखाएको छ। जबकि स्थानीय तहले पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु १० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउ पत्र र रु २० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ।

पूर्वकार्यवाहक महालेखापरीक्षक खत्री स्थानीय तहका जनप्रतिनिधिले जबर्जस्ती ढङ्गले सार्वजनिक खरिद प्रक्रिया अघि बढाउन कर्मचारीलाई दबाब र प्रभावमा पार्ने गरेकाले पनि यस्तो समस्या देखिएको बताउनुहुन्छ। "एकातिर स्थानीय तहसँग दक्ष सार्वजनिक खरिदसम्बन्धी व्यवस्था बुझेका कर्मचारी न्यून सङ्ख्यामा रहेका छन्। अर्कोतर्फ प्रक्रिया मिच्ने प्रवृत्तिले पनि यस्ता खालका समस्या झनै बल्झिने गरेका हुन्। यस्तो विकृति अन्त्यका लागि कडाइका साथ अघि बढ्न जरुरी भइसकेको छ", उहाँले भन्नुभयो।

यस्तो अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालय र महालेखापरीक्षकको कार्यालयले स्थानीय तहलाई खरिद ऐन, खरिद नियमावलीको विषयमा तालिम दिन जरुरी रहेको जानकारहरू बताउँछन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्साका १४ पालिकाका उजुरीको सङ्ख्या उल्लेखनीय रहेका छन्। आयोगको हेटौँडा कार्यालयका अनुसार आव २०८१/८२ मा वीरगञ्ज महानगरसम्बन्धी १७३ वटा उजुरी परेका छन्। वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले अख्तियारमा परेका उजुरी समयमै फछ्र्यौट नहुँदा कार्यसम्पादनमा समस्या हुने गरेको गुनासो गर्नुभयो। "कतिपयले दुःख दिने र काम रोक्ने नियतले पनि उजुरी दिने गर्छन्। त्यसैले अख्तियारले उजुरीलाई छिटो कारबाही प्रक्रियामा अघि बढाए सहज हुने थियो।"

गत आवमा छिपरमाई गाउँपालिकामा १२६, पोखरिया नगरपालिकामा ३४, बहुदरमाई नगरपालिकामा २७ र पकहाँ मैनपुर गाउँपालिकामा २३ वटा उजुरी परेको छ। त्यस्तैगरी पर्सागढीमा पाँच, ठोरीमा तीन, जगरनाथपुरमा पाँच, धोबिनीमा १६, विन्दवासिनीमा नौ, सखुवाप्रसौनीमा चार र कालिकामाईमा छवटा उजुरी परेका छन्।

यस्तै, पटेर्वा सुगौली र जिराभवानी पालिकामा भने कुनै उजुरी परेको छैन। आयोग हेटौँडा कार्यालयका सूचना अधिकारी विमोचन घिमिरेले स्थानीय तहमा सार्वजनिक खरिद प्रक्रियाका विषयमा धेरैजसो उजुरी आउने गरेको बताउनुभयो। "स्थानीय तहमा विशेष गरेर सार्वजनिक खरिद र निर्माण प्रक्रियासम्बन्धी उजुरी धेरै आउने गरेका छन्", उहाँले भन्नुभयो, "गलत लागत तयार पार्ने, खरिद प्रक्रिया र कानुनको परिपालन नगर्ने समस्या छ। यस्तै, उपभोक्ता समितिले जिम्मा लिएका काम अर्को ठेकेदारमार्फत गराउने गलत प्रवृत्तिको पनि विकास भइरहेको

–बाँकी अन्तिम पेजमा

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

*स्थानीय तहमा ...*

छ। जसले धेरैजसो समस्या उत्पन्न भइरहेका छन्।"

आयोगको हेटौँडा कार्यालयमा गत आर्थिक वर्षमा १२ जिल्लाका स्थानीय तहविरुद्ध एक हजार ९५६ वटा उजुरी दर्ता भएका छन्। हेटौँडा कार्यालय मातहत पर्ने १२ जिल्लामध्ये सबैभन्दा धेरै उजुरी रौतहट, बारा र पर्साका रहेका छन्। गत आवमा रौतहतका स्थानीय तहसम्बन्धी ५३० वटा उजुरी परेका छन्। यस्तै, बाराका स्थानीय तह सम्बन्धित ४९३ वटा र पर्साका स्थानीय तहसम्बन्धी ४३१ वटा उजुरी परेका छन्। १२ जिल्लामध्ये रामेछापका स्थानीय तहसम्बन्धी उजुरी शून्य रहेको छ। हेटौँडा कार्यालय मातहत मधेस प्रदेशका तीन जिल्ला र बाग्मती प्रदेशका नौ जिल्ला पर्दछन्। रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट र रामेछाप कार्यालयको मातहत रहेका छन्।

*रौतहटमा २२...*

बस्यालले जानकारी दिनुभयो। हत्या गरेपछि तरिमाको शव घरकै भुस राख्ने गोठमा गाडिएको अवस्थाबाट प्रहरीले निकालेको उहाँले बताउनुभयो। उहाँका अनुसार फरार व्यक्तिहरूको खोजी भइरहेको छ।

तरिमाका श्रीमान् शेष आदिल वैदेशिक रोजगारीको लागि साउदी अरबमा रहेका छन्। साउदी अरबमा रहेका छोरा आदिलको श्रीमती तरिमाको सम्बन्ध भतिजा शेष गुडुसँग रहेको भन्दै घरपरिवारकै सदस्यहरूको कुटपिटबाट तरिमाको हत्या भएको सोही वडाका वडाध्यक्ष पर्वेज आलमले आशङ्का गर्नुभयो। तरिमाको डेढ वर्षको छोरा मोहमद आरिफ रहेका छन्।

# गौरीगञ्ज इलाका प्रशासन कार्यालयका तत्कालीन प्रमुख आपगाईंसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा, ९ मंसिर। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले इलाका प्रशासन कार्यालय गौरीगञ्जका तत्कालीन प्रमुख चुडामणि आपागाईंसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको छ। विशेष अदालत काठमाडौँमा उनीहरूविरुद्ध आयोगले आरोपपत्र दायर गरेको हो। राहदानी बाहकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिभन्दा राहदानीमा उमेर घटाउने वा बढाउने उद्देश्यले बदनियतपूर्वक सरकारी कागजातमा अनधिकृत विवरण हेरफेर गरी राहदानी जारी गरेको आरोपमा उनीहरूविरुद्ध मुद्दा दर्ता गरिएको आयोगले एक प्रेस विज्ञप्ति जारी गर्दै जनाएको छ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलद्वारा जारी विज्ञप्तिमा इलाका प्रशासन कार्यालय गौरीगञ्जका तत्कालीन प्रमुख चुँडामणि आपागाईं, तत्कालीन नायब सुब्बा रवीनकुमार राजबंशी, तत्कालीन कम्प्युटर अपरेटर आकाश मगर र कार्यालय सहयोगी जीवनकुमार दाहालमाथि मुद्दा दर्ता गरिएको उल्लेख छ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालय झापाका तत्कालीन प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल र केशवप्रसाद रिजालसहित राहदानी बाहकहरू विनोद कुँवर, सिमान्त विश्वकर्मा, गोविन्दप्रसाद ढुङ्गेल र बलराम महतोमाथि समेत भ्रष्टाचारको आरोप लगाइएको छ। अख्तियारले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ११ बमोजिम कैद र जरिवाना सजायको माग गरेको छ। आयोगद्वारा जारी विज्ञप्तिमा विनोद कुँवरको राहदानीमा जन्म मिति ५ वर्ष घटाइएको उल्लेख छ। उनको नागरिकतामा १९७६/१०/१३ जन्म मिति र राहदानीमा १९८१/१०/१३ उल्लेख छ।

सिमान्त विश्वकर्माको जन्म मिति २ वर्ष बढाइएको देखाइएको छ। उनको नागरिकतामा २००४/०९/०३ र राहदानीमा जन्म मिति २००२/०९/०३ जनाइएको उल्लेख छ। गोविन्दप्रसाद ढुङ्गेलको जन्म मिति ५ वर्ष घटाएको उल्लेख छ। उनको नागरिकतामा १९८१/०७/२६ गते र राहदानीमा जन्म मिति १९८६/०७/२६ रहेको उल्लेख छ।

त्यस्तै बलराम महतोको जन्म मिति ८ वर्ष घटाइएको उल्लेख छ। उनको नागरिकतामा जन्म मिति १९८२/१०/२४ र राहदानीमा १९९०/१०/२४ रहेको उल्लेख छ।

# धरहरा सञ्चालनको एक वर्ष सात करोड ७१ लाख राजस्व असुली

काठमाडौँ, ९ मंसिर। पुनर्निर्माण भएपछि धरहरा सःशुल्क सञ्चालनमा आएको एक वर्ष पूरा भएको छ। सोही अवधिमा रु सात करोड ७१ राख राजस्व असुली भएको बताइएको छ। यस अवधिमा प्रवेश शुल्कबापत उक्त रकम असुली भएको हो। अघिल्लो वर्षको मङ्सिर ९ गतेदेखि सर्वसाधारणलाई शुल्कसहित खुला गरिएको धरहराबाट हिजो साँझसम्म टिकट बिक्रीबापत रु सात करोड ७१ लाख सङ्कलन भएको अन्तरिम धरहरा सञ्चालन तथा व्यवस्थापन एकाइ सुन्धाराका प्रमुख महेश राईले जानकारी दिनुभयो।

जेनजी आन्दोलनअघिसम्म प्रत्येक बुधबार बन्द हुने धरहरा अहिले हप्ताको सातै दिन सञ्चालन हुने गरेको छ। "अघिल्लो मङ्सिर ९ देखि अहिलेसम्म चार लाख ६९४ जना नागरिकले चढिसकेका छन्, जसमा १२ वर्षमुनिका बालबालिकाको तथ्याङ्क राख्ने गरिएको छैन", उहाँले भन्नुभयो, "बिहान १०:३० देखि ३:०० बजेसम्म धरहरा चढ्ने व्यवस्था गरिएको छ, छोटो समयमा नागरिकको उल्लेख्य उपस्थिति देखिएको पनि उहाँको भनाइ छ। हालसम्म धरहरा चढेकामध्ये करिव २८ सय विदेशी नागरिक हुन्।

ऐतिहासिक धरहरा चढ्न प्रतिव्यक्ति रु २०० शुल्क तोकिएको छ। विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका अपाङ्गता भएका व्यक्तिले ५० प्रतिशत छुटमा धरहरा चढ्न पाउने छन्। सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति रु ५०० र सार्कबाहेक राष्ट्रलाई प्रतिव्यक्ति रु एक हजार शुल्क तोखिएको छ। विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम शुल्क लिई धरहरा सञ्चालनमा ल्याइएको हो। अघिल्लो मङ्सिर ६ गतेको मन्त्रिपरिषद् बैठकले धरहरा खुला गर्ने र शुल्क स्वीकृत गर्ने निर्णय गरेको थियो।

धरहरामा पार्किङ गर्दा चार पाङ्ग्रे सवारीका लागि प्रतिघण्टा रु २० र दुई पाङ्ग्रेलाई रु १० तोकिएको छ। धरहरा परिसरमा प्रवेशका लागि रु ५० निर्धारण गरिएको छ। धरहरा स्तम्भमा राष्ट्रिय महत्वका विज्ञापन गर्न प्रतिघण्टा रु पाँच हजार तोकिएको छ। व्यावसायिक भिडियो छायाङ्कनका लागि प्रतिघण्टा रु पाँच हजार र फोटोग्राफीका लागि प्रतिघण्टा रु एक हजार निर्धारण गरिएको छ।

# 'निर्वाचनसँगै सुशासन कायम गर्नु यो सरकारको दायित्व हो'

रुपन्देही, ९ मंसिर। गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारको पहिलो प्राथमिकता सफलतापूर्वक निर्वाचन सम्पन्न गर्नु तथा सुशासनका निम्ति सबल आधार तयार गर्नु हो भन्नुभएको छ। भैरहवामा आयोजित लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा उहाँले निर्वाचन र सुशासनलाई नै अर्जुनदृष्टि दिएर सरकारले काम गरिरहेको बताउनुभयो। केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत निर्वाचन सुरक्षा योजना बमोजिम प्रदेश सरकारले पनि आफ्नो सुदृढसुरक्षा योजना तयार गरी कार्यान्वयनमा जान सुझाव दिनुभयो।

"राजनीतिक दलहरूले लुटिएका हतियार र फरार कैदीबन्दीलाई सुरक्षा चुनौतीको रूपमा औँल्याउनुभएको छ, हामीले धेरै परिमाणमा विशेष अपरेशनमार्फत ती हतियार फिर्ता ल्याइसकेका छौँ धेरै कैदी पनि फिर्ता भइसकेका छन्", गृहमन्त्री अर्यालले भन्नुभयो। सङ्घीय गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रूपमा आयोजित सुरक्षा गोष्ठीमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले सुशासन कायम गर्न प्रदेश सरकार रणनीतिक योजना बनाएर अघि बढेको बताउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।



बरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल



विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल



नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)